# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल।

पत्र संख्या: २०८२/०८३
च.नं :

## दरखास्त आव्हान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०२)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्न बडीकेदार गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पूर्णकालीन तथा अल्पकालिन पदहरूका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क) आवश्यक पदहरू र न्यूनतम योग्यताः

| वि.न. | पद | तह/संख्या | कार्य स्थल | न्युनतम शैक्षिक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ६-२०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छटौ तह / १ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ७-२०८२/८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह / १ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरि खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ८-२०८२/८३ | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता | सहायक पाँचौ तह / १ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वन विषयमा प्रविणता डिप्लोमा उतीर्ण गरि कृषि वा वन तथा कृषि वन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमा तथा कार्यान्वयनमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त |
| ९-२०८२८३/ | जलस्रोत प्राविधिक | सहायक चौथो तह /केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यताप्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खा पा स टे तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना,कृषि, बायो इन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

नोटः तह/संख्यामा केहि उल्लेखं भएको पदमा बजेटको सुनिश्चिता र परियोजनाको आवश्यकताका आधारमा परिचालन गरीने छ ।



२०८२/१२/०२

नि.प्रमुख प्रशासकीय अधिकृत

# बडीकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खड्यौली, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल ।

पत्र संख्या: २०८२/०८३
च.नं :

**दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू:**

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्य अनुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपि
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

**ख) अन्य विवरण:**

- यो सूचना पहिलो पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन गाउँपालिकाकार्यालय, खड्यौलीमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमात्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा(कार्यसम्पादन मुल्यांकनको आधारमा नवीकरण हुनेगरी) नियुक्त गरिनेछन् ।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातीय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँपालिका कार्यालयले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षातथा अन्तर्वार्ता को तालिका गाउँपालिकाको सूचना पाटीमार गाउँपालिकाको वेभ पेज प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR)र वैयक्तिक विवरण (CV)ढाँचा हेर्न गाउँपालिकाको वेभ पेज www.badikedarmun.gov.np वाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचा बाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुर: अधिकृतस्तरको लागि रू १२००।- (अक्षेरुपी एक हजार दुई सय मात्र), सहायक पाँचौस्तरको लागि रू ७००।- (अक्षेरुपी सात सय मात्र) र सहायक चौथोस्तरको लागि रू ५००।- (अक्षेरुपी पाँच सय मात्र) ।दरखास्त दस्तुर बडीकेदार गाउँपालिकाको राजस्व शाखामा दाखिला वा बडीकेदार गा.पा. को प्रभु बैंकमा रहेकोआन्तरिक राजस्व खाता न. २७९७०८७३१९८००१०८ (ग १.१) मा दाखिला गरि सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।

२०८२।१२।०२

नि.प्रमुख प्रशासकीय अधिकृत